# आमचोक राजपत्र

**आमचोक सरकारद्‌वारा प्रकाशित**

**खण्ड २ संख्या ८, मिति ६ चैत्र २०७५**

## भाग २

## आमचोक गाउँपालिका

### आमचोक गाउँपालिकाको यान्त्रिक उपकरणहरु सञ्चालन सम्बन्धी कार्यविधि, २०७५

कार्यपालिकावाट स्वीकृत मितिः २०७५/११ /३०

प्रमाणिकरण मितिः२०७५/११/

आमचोक गाउँ कार्यपालिकाको कार्यालयमा रहेका यान्त्रिक उपकरण तथा साधनहरुको मितव्ययी र प्रभावकारी ढङ्गले सञ्चालन गर्न, रेखदेख तथा व्यवस्थापन गर्न तथा उक्त उपकरणहरु स-शुल्क भाडामा वा अन्य प्रयोजनका लागि उपलब्ध गराउन कार्यबिधि बनाई लागू गर्न बाञ्छनीय देखिएकोले, आमचोक गाउँपालिका क्षेत्रको समग्र भौतिक पूर्वाधार विकास लगायत छिमेकी गाउँपालिका, नगरपालिका तथा जिल्लाहरुमा समेत निर्माण हुने भौतिक पूर्वाधारका कार्यहरुमा सशुल्क प्रयोग गर्नका

लागि यस कार्यालयसँग रहेको **यान्त्रिक उपकरणहरुको सञ्चालन तथा व्यवस्थापन** का लागि देहायका शर्त, बन्देजमा रही सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने गरी **आमचोक गाउँ कार्यपालिकाको** मिति २०७५।११।३० को कार्यपालिका बैठकबाट स्वीकृत गरी यो कार्यविधि कार्यान्वयनमा ल्याइएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम **"आमचोक गाउँपालिकाको यान्त्रिक उपकरणहरु सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५"** रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः

अ) **ऐन** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

आ) **नियमावली** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन बमोजिम बनेको नियमावलीलाई सम्झनु पर्दछ।

इ) **गाउँपालिका** भन्नाले आमचोक गाउँपालिकालाई सम्झनु पर्दछ। सो शब्दले आवश्यक परेको अवस्थामा अन्य गाउँपालिकालाई समेत जनाउनेछ।

ई) **गाउँसभा** भन्नाले आमचोक गाउँ सभालाई सम्झनु पर्दछ।

उ) **अध्यक्ष** भन्नाले आमचोक गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ।

ऊ) **उपाध्यक्ष** भन्नाले आमचोक गाउँपालिकाका उपाध्यक्षलाई सम्झनु पर्दछ।

ऋ) **गाउँ कार्यपालिका** भन्नाले आमचोक गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

ऌ) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले आमचोक गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

ऍ) **इन्जिनियर** भन्नाले आमचोक गाउँपालिकाका इन्जिनियरलाई सम्झनु पर्दछ। सो शब्दले गाउँपालिकाले सेवा परामर्श लिन सम्झौता गरेको इन्जिनियरलाई समेत जनाउँदछ।

ऐ) **कार्यालय** भन्नाले आमचोक गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

ए) **प्रयोगकर्ता** भन्नाले यान्त्रिक उपकरण सञ्चालनका लागि लिई जाने संघ, संस्था, व्यक्ति वा सरकारी निकाय सम्झनु पर्दछ।

ऐ) **भाडा** भन्नाले यान्त्रिक उपकरणहरु भाडामा उपलब्ध गराउन निर्धारण गरिएको दर रेटबाट हुन आउने रकमलाई सम्झनु पर्दछ।

ऑ) **बिल** भन्नाले यान्त्रिक उपकरण सञ्चालन गरेको अपरेसन लगसीटको आधारमा कार्यालयले भाडा बापतको रकम राजस्व खातामा जम्मा गर्नको लागि तयार गर्ने भाडा महसुल बिललाई सम्झनु पर्दछ।

ऒ) **अपरेटर** भन्नाले यान्त्रिक उपकरण सञ्चालन गर्न खटिई जाने कर्मचारीलाई सम्झनु पर्दछ।

**३. उद्देश्य:**

आमचोक गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालन गरिने भौतिक विकास कार्यक्रमहरु, स्थानीय गाउँपालिकाबासी, संघसंस्था, नेपाल सरकारद्वारा सञ्चालित विकास आयोजनाहरु, दातृ निकायबाट सञ्चालन हुने विकास आयोजनाहरु तथा छिमेकी गाउँपालिका, नगरपालिकाहरुका विकास कार्यक्रमहरुमा समेत माग भई आए अनुसार प्राथमिकताका आधारमा प्रयोगमा पठाउन तथा उपकरण सञ्चालन विधिमा एकरुपता र सरलता ल्याउनु यो कार्यविधिको प्रमुख उद्देश्य रहेको छ।

**४. सञ्चालन विधि:**

(१) कार्यालयको कार्य वा अन्य आकस्मिक कार्यहरुमा प्रयोग नभई यान्त्रिक उपकरणहरु खाली रहेको अवस्थामा कार्यालयको काममा बाधा नपर्ने गरी सञ्चालक समितिको सिफारिशमा गाउँ कार्यपालिकाले तोके बमोजिमको भाडा लिई कुनै पनि व्यक्ति वा संघ संस्थालाई यान्त्रिक उपकरणहरु भाडामा उपलब्ध गराउन सकिनेछ।

(२) कुनै पनि व्यक्ति, संघ संस्थालाई आवश्यक परेको उपकरण प्रयोगमा ल्याउनका लागि देहायका प्रकृया पूरा भए पश्चात मात्र उक्त उपकरण उपलब्ध गराइनेछ।

१. व्यक्ति वा संस्थाबाट प्रयोगका लागि माग गरिएको अवधिको लागि कार्यालयले उपलब्ध गराउन सक्ने अवस्था भएमा **अनुसूची १** बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

२. माग निवेदन उपर कार्यालयबाट उपलब्ध गराउने निर्णय भएपश्चात तोकिएको भाडा दर बमोजिम प्रयोगकर्ताले प्रयोग गर्न चाहेको अवधिको लागि लाग्ने भाडा रकम अग्रिम गाउँ कार्यपालिकाको कार्यालयमा नगदै बुझाई सोको आम्दानी रसिद वा आमचोक गाउँपालिकाको कार्यालयले तोकेको गाउँपालिकाको नाममा खातामा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

३. तोकिएको अग्रिम शुल्क बुझाए पश्चात **अनुसूची २** मा तोकिएको शर्तनामा बमोजिम **अनुसूची ३** बमोजिमको मेशिन चलान/सम्झौता फाराम बमोजिम करार सम्झौता गर्नुपर्नेछ ।

४. निवेदकले माग गरिएको समयभन्दा बढी समयसम्म कामकाज गर्नु गराउनु पर्ने भएमा मेशिन अपरेटरले तत्काल कार्यालय प्रमुखलाई खबर गरी थप कार्य आदेश लिएर थप समयको रकम अग्रिम जम्मा गर्न लगाएर मात्र मेशिन सञ्चालन गर्नु पर्नेछ।

५. मेशिन प्रयोग गरे वापत प्रति घण्टा, प्रति सिफ्ट, प्रति दिनको शुल्क निर्धारण **अनुसूची ४** मा तोकिए बमोजिम हुनेछ।

६. मेशिन फिल्डमा खटाउँदा मिटरको हिसाब गणना गरी लाग्ने शुल्क मेशिन प्रयोगकर्ताले बुझाउनु पर्नेछ र फिल्डबाट काम सम्पन्न गरी कार्यालय फर्कदा कार्यालयले बहन गर्नेछ।

७. मेशिन खटिगएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भए पश्चात मेशिन अपरेटरले कामको विवरण सहित मिटरको अद्यावधिक अभिलेख **अनुसूची ५** बमोजिमको फाराममा भरी कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

८. गाउँपालिकाले आवश्यकता र औचित्यताको आधारमा निश्चित समयसम्म कार्य गर्न मेशिन सोझै उपलब्ध गराउन सक्नेछ । उक्त कामको विवरण समेत **अनुसूची ६** बमोजिम अभिलेखवद्ध गर्नुपर्नेछ।

९. मेशिन प्रयोग गरी तोकिएको समयभन्दा अगावै काम सम्पन्न भई प्रयोगकर्ताको धरौटी रकम सञ्चित रहेको खण्डमा कार्यालय प्रमुखको आदेशको आधारमा सञ्चित समय वापत हुन आउने रकम काबु बाहिरको परिस्थिति बाहेक माग गरेको एक हप्ताभित्र चेकद्वारा फिर्ता गर्नुपर्नेछ।

**५. इन्धन तथा मर्मत सम्बन्धी व्यवस्थाः**

१. मेसिन अपरेटरले इन्धन तथा लुब्रिकेन्ट माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम स्वीकृत गराएर मात्र भर्नुपर्नेछ। इन्धन तथा लुब्रिकेन्ट खपतको अद्यावधिक विवरण मेशिन अपरेटरले तयार गरी इन्जिनियरको सिफारिशमा कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्नेछ।

२. इन्धन तथा लुब्रिकेन्ट र मर्मत सम्बन्धी सम्पूर्ण कार्यको विस्तृत लगत गाउँ कार्यपालिकाको कार्यालयको जिन्सी शाखामा अद्यावधिक गरी राखिनेछ।

३. मेशिन बिग्रिएमा बिग्रिएको लिखित जानकारी मेशिन अपरेटरले कार्यालयलाई गराउनु पर्नेछ। कार्यालयबाट वर्कसपमा चेकजाँच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भएपश्चात मात्र मर्मत सम्भार कार्य गरिनेछ।

४. मर्मत सम्भारको कार्य गर्दा गराउँदा मेशिन अपरेटर वा इन्जिनियर वा जिन्सी शाखाको प्रतिनिधि वर्कसपमा रहनुपर्नेछ।

## ६. सञ्चालन शुल्क

कुनै व्यक्ति वा संघ संस्थाबाट यान्त्रिक उपकरण माग भई आएमा अनुसूची ४ बमोजिमको शुल्क नगदै वा तोकिएको बैंक खातामा अग्रिम बुझाउनु पर्नेछ।

## ७. कर्मचारी व्यवस्था

१. ब्याक हो लोडर सञ्चालनका लागि १ जना अपरेटर र आवश्यक परेमा सहयोगी १ जना कानून बमोजिम करार सेवामा नियुक्त गरिनेछ।

२. ट्याक्टर सञ्चालनका लागि १ जना चालक र आवश्यकतानुसार एक जना सहयोगी कानून बमोजिम करार सेवामा नियुक्त गरिनेछ।

३. करारमा नियुक्त कर्मचारीको सेवा सुविका करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

४.

## ८. सञ्चालन तथा व्यवस्थापन समिति

गाउँ कार्यपालिकाका यान्त्रिक उपकरणहरुको सञ्चालन तथा व्यवस्थापनका लागि नीतिगत तथा निर्देशनात्मक व्यवस्थाका लागि तपसिल बमोजिमको सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | - संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| इन्जिनियर | - सदस्य |
| प्रशासन शाखा प्रमुख | -सदस्य |
| जिन्सी शाखा प्रमुख | - सदस्य-सचिव |

**९. यसै बमोजिम मानिने**

यस कार्यविधि जारी हुनुभन्दा पहिले भएका कामकारबाहीहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ । बक्यौता वा हिसाब किताब गर्न बाँकी रहेको भए यस कार्यविधिभन्दा न्यून हुने गरी हिसाब मिलान गर्न पाइने छैन ।

**१०. विविध**

१. गाउँपालिकामा रहेका सवारी साधन तथा यान्त्रिक उपकरणहरु कार्यालय प्रमुखको पूर्ण नियन्त्रणमा रहनेछन् । सवारी साधन तथा यान्त्रिक उपकरणहरु चुस्त दुरुस्त राखी मर्मत सम्भार गर्नु पदाधिकारी, र कर्मचारी सबैको दायित्व हुनेछ ।

२. यान्त्रिक उपकरणको माइल मिटर आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व मेशिन अपरेटर र चालकको हुनेछ ।

३. उपकरण फिल्डमा खटाउने वा नखटाउने सिफारिश चालक/अपरेटर र इन्जिनियरको हुनेछ।

४. यस कार्यविधिमा समयानुकुल आवश्यक संशोधन वा थपघट गर्नुपर्ने भएमा सञ्चालन तथा व्यवस्थापन समितिको राय बमोजिम गाउँ कार्यपालिकाले थपघट वा संशोधन गर्न सक्नेछ ।

## अनुसूची १

मिति: २०७…../……/…..

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
आमचोक गाउँ कार्यपालिकाको कार्यालय, भोजपुर

**विषय:- ब्याकहो लोडर/ट्र्याक्टर उपलब्ध गराइदिनु हुन ।**

उपर्युक्त विषयमा ……………..गाउँपालिका वडा नं. …., …………….. स्थायी ठेगाना भएको म/हामी …………………..………………………… लाई ……………………………………… कार्यको लागि तहाँ कार्यालयको ………………………….. भाडामा लिनुपर्ने भएकोले …………….. घण्टा/दिन/ट्रिप/महिनाको लागि तहाँ कार्यालयको नियमानुसार उक्त निर्माण सामाग्री ब्याकहू लोडर)/ **ट्र्याक्टर** भाडामा उपलव्ध गरिदिनुहुन आवश्यक कागजात सहित यो निवदेन पेश गरेको छु/छौं ।

**संलग्न कागजातहरु:**

१.
२.
३.
४.

निवेदक

| क्र.सं. | नाम, थर | ठेगाना | नागरिकता नं. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

## अनुसूची २

<u>शर्तहरु</u>

आमचोक गाउँपालिकामा रहेको हेभी इक्वीपमेन्ट लगायतका यान्त्रिक उपकरण भाडामा लिने दिने दुवै पक्षले देहाय बमोजिमको शर्तनामाहरु पालना गर्नुपर्नेछ।

**शर्तहरुः**

१. यान्त्रिक उपकरणहरुको प्रयोग गर्दा अधिकार प्राप्त अधिकारीको स्वीकृति बिना प्रयोग गर्न पाइने छैन।

२. यान्त्रिक उपकरण प्रयोगका बखत चालक, सहचालक तथा दोस्रो पक्षले उपकरणको मिटर तथा समय अभिलेखबद्ध गरी दुरुष्ट राख्नुपर्नेछ।

३. इक्विपमेन्ट प्रयोग गर्दा चालक तथा सहचालक गाउँ कार्यपालिकाले तोकेको व्यक्ति मात्रै प्रयोग गर्नुपर्नेछ।

४. दैवी प्रकोप वा अन्य कुनै दूर्घटनाबाट यान्त्रिक उपकरण क्षति भएमा तेस्रो पक्ष बिमा तथा अन्य कानुनहरुमा भएको व्यवस्था बमोजिम हुनेछ।

५. गाउँपालिकामा रहेका सवारी साधन तथा यान्त्रिक उपकरणहरु कार्यालय प्रमुखको पूर्ण नियन्त्रणमा रहनेछन्। सवारी साधन तथा यान्त्रिक उपकरणहरु चुस्त दुरुस्त राखी मर्मत सम्भार गर्नु पदाधिकारी, र कर्मचारी सबैको दायित्व हुनेछ।

६. यान्त्रिक उपकरणको माइल मिटर आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व मेशिन अपरेटर र चालकको हुनेछ।

७. उपकरण फिल्डमा खटाउने वा नखटाउने सिफारिश सञ्चालक समितीको निर्णय बमोजिम हुनेछ।

## अनुसूची ३

सम्झौता पत्र

आमचोक गाउँपालिका (यसपछि पहिलो पक्ष भनिने) र .................. जिल्ला ......................... गाउँ/नगरपालिका वडा नं. ...... स्थायी ठेगाना भएका श्री ..............................(यसपछि दोस्रो पक्ष भनिने) बीच मिति ...............गतेका दिन आमचोक गाउँपालिकाको ........................ भाडामा लिनका लागि देहायका शर्तका अधीनमा रही पहिलो पक्षले दोस्रो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भई यो सम्झौता गरी एक-एक प्रति आपसमा बुझी लियौं दियौं।

**शर्तहरुः**

८. यो सम्झौता मिति ..................... देखि ................... सम्म लागू हुनेछ। आपसी सम्झौता र आवश्यकता बमोजिम सम्झौता अवधि थप हुन सक्नेछ।

९. सम्झौता लागू भएको मितिदेखि पहिलो पक्षले दोस्रो पक्षलाई .....................उपकरण मिति ............... देखि ................... सम्म ............ अवधिका लागि उपलब्ध गराउनुपर्नेछ।

१०. पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराएको सेवा वापत एकमुष्ट पाउने रकम रु. ....../- (अक्षेरुपी.............................) हुनेछ। उक्त रकममा थपघट हुने छैन।

११. सेवा सम्बन्धी प्रचलित कानूनमा व्यवस्था भएका आचरण सम्बन्धी कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ एवं नियमावली, २०६४ र सेवा करार निर्देशिका, २०५९ मा व्यवस्था भए अनुसारका आचरण सम्बन्धी कुराहरु दुवै पक्षले पालना गर्नुपर्नेछ।

१२. इन्धन वापतको रकम ........................................ का दरले चालकको भत्ता ...................... पक्षले नै व्यहोर्नु पर्नेछ।

१३. भुक्तानीको तरिकाः सम्झौता अनुसार रकम अग्रिम दोस्रो पक्षले अग्रिम भुत्तानी गाउँपालिकाको बैंक खातामा वा नगद जम्मा गर्नुपर्नेछ।

१४. मर्मत सम्भार .............. पक्षले र सो भन्दा माथिको मर्मत सम्भार खर्च ........................ पक्षले व्यहोर्ने छ।

१५. सम्झौता अनुसारको रकम तोकिएको अवधिभित्र भुक्तानी नभएमा सम्झौता अनुसारको रकम असुल उपर गरी थप सम्झौता रकमको ५० प्रतिशत सम्म थप जरिवाना लाग्नेछ।

१६. यसमा उल्लेख भए बाहेकका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछन्।

१७. अन्य केही भए खुलाउनेः

| **पहिलो पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|
| **नाम, थरः-** | **नाम, थरः-** |
| **पदः-** | **पदः-** |
| **कार्यालयः** | **संस्था/फर्म/कम्पनीको नामः** |
| साक्षीहरुः<br>**१.**<br>**२.**<br>**३.** | |

**इति सम्बत ............... साल ........... महिना ............. गते रोज .......... शुभम् !**

## अनुसूची ४

यान्त्रिक उपकरण भाडामा दिनु/लिनु परेको खण्डमा भाडा दर तथा कर्मचारीको भत्ता

क. (१)

| *(अपरेटर र इन्धन बाहेक)* | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **कामको प्रकार** | **भाडा दर** | | **कैफियत** |
| | | प्रति घण्टा | सिफ्ट | |
| १ | गाउँपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | १५००।- | | |
| २ | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | १६००।- | | |
| *(अपरेटर सहित इन्धन बाहेक)* | | | | |
| ३ | गाउँपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | १७००।- | | |
| ४ | अन्य निकाय तथा ठेक्का पट्टा मार्फत सञ्चालित आयोजना | १८००।- | | |
| *(अपरेटर र इन्धन सहित)* | | | | |
| ५ | गाउँपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | २७००।- | | |
| ६ | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | २८८८।- | | |

**क.(२) ब्याक हो लोडर अपरेटर तथा सहायकको भत्ता दरः**

| **क्र.सं.** | **पद** | **भत्ता (प्रति घण्टा)** | **कैफियत** |
|---|---|---|---|
| १ | ब्याक हो लोडर अपरेटर | १५०।- | |
| २ | ब्याक हो लोडर सहायक | ५०।- | |

**ख) ट्र्याक्टर**

| *(चालक र इन्धन बाहेक)* | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **कामको प्रकार** | **भाडा दर** | | **कै** |
| | | **घण्टा** | **सिफ्ट** | |
| १ | गाउँपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | ५००।- | | |
| २ | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | ६००।- | | |
| *(चालक सहित इन्धन बाहेक)* | | | | |
| ३ | गाउँपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | ६००।- | | |
| ४ | अन्य निकाय तथा ठेक्का पट्टा मार्फत सञ्चालित आयोजना | ७००।- | | |
| *(चालक र इन्धन सहित)* | | | | |
| ५ | गाउँपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | ९००।- | | |
| ६ | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | १०००।- | | |

**ख (१) ट्रयाक्टर चालक तथा सहचालकको भत्ता दरः**

| **क्र.सं.** | **पद** | **भत्ता (प्रति दिन)** | **कैफियत** |
|---|---|---|---|
| १ | चालक | ४००।- | |
| २ | सहचालक | ३००।- | |

**अनुसूची ५**

भाडामा सम्झौता भए बमोजिम कार्यालयबाट छुटेदेखि कार्य क्षेत्रबाट फर्कदासम्म ब्याक्हो लोडर चलेको मिटर बुक

| **क्र.सं.** | **कामको विवरण** | **मिति** | **मेशिन चलेको अवधि** | | **मिटर रकेर्ड** | | **कि.मि.** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | | *देखि* | *सम्म* | *सुरु* | *अन्तिम* | | |
| १ | | | | | | | | |

**अनुसूची ६**

कार्यालयको निर्णयानुसार विशेष परिस्थितिको कार्यका लागि कार्यालयबाट छुटेदेखि कार्य क्षेत्राबाट फर्कदासम्म ब्याक्हो लोडर चलेको मिटर बुक

| **क्र.सं.** | **कामको विवरण** | **मिति** | **मेशिन चलेको अवधि** | | **मिटर रकेर्ड** | | **कि.मि.** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | | *देखि* | *सम्म* | *सुरु* | *अन्तिम* | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |

**आज्ञाले,**
**याम वहादुर उपरकोटी**
**प्रमुख प्रशासकीय अधिकृत**